बैठक संख्या १६
समय: बिहान ८:०० बजे
मिति:२०८३/०३/०१ गते
आ.व.२०८२/०८३

आज मिति २०८३ साल असार महिनाको ०१ गते सोमबारका दिन यस दुईखार गाउँपालिकाका अध्यक्ष श्री सुन्दर कुमार के.सी.ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति:

| | |
|---|---|
| श्री सुन्दर कुमार के.सी. | गाउँपालिका अध्यक्ष |
| श्री कलावती न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| श्री श्रीसम्सेर रानामगर | प्रमुख प्रशासकीय अधिकृत (सचिव) |
| श्री श्याम बहादुर राना | वडा अध्यक्ष वडा नं. १ |
| श्री यम बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. २ |
| श्री कृष्ण बहादुर खत्री | वडा अध्यक्ष वडा नं. ३ |
| श्री नगेन्द्र बहादुर बुढा | वडा अध्यक्ष वडा नं. ४ |
| श्री पर्वलाल शर्मा जैसी | वडा अध्यक्ष वडा नं. ५ |
| श्री मान बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. ६ |
| श्री प्रमिला सुनार | कार्यपालिका सदस्य |
| श्री सुन्तली कुमारी बि.क. | कार्यपालिका सदस्य |
| श्री कमला बि.क. | कार्यपालिका सदस्य |
| श्री शान्ती कुमारी बुढा | कार्यपालिका सदस्य |
| श्री चन्द्रा बि.क. | कार्यपालिका सदस्य |
| श्री खिमा कुमारी उपाध्याय | कार्यपालिका सदस्य |

सहयोगी कर्मचारीहरु: रचिना शर्मा

श्री देवेन्द्र खड्का, योजना अधिकृत
श्री नन्दराज रेग्मी, सूचना प्रविधि अधिकृत
श्री टेकनाथ गौतम, प्रशासन शाखा
श्री टिकाराम पोखरेल, कार्यालय सहयोगी

प्रस्तावहरु:-

१. अघिल्लो कार्यपालिकाका निर्णयहरुको समिक्षा सम्बन्धमा।

२. शैक्षिक सम्मान कार्यविधि, २०८३ सम्बन्धमा ।

३. कार्यालयमा प्राप्त विभिन्न पत्र/निवेदन सम्बन्धमा ।

४. मध्यमकालीन खर्च संरचना सम्बन्धमा ।

५. कार्यदलको प्रतिवेदन सम्बन्धमा ।

६. आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट तयारी सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८३/०२/०५ गते बसेका गाउँ कार्यपालिकाको बैठकले गरेका निर्णयहरुको समिक्षा गरियो । सबै निर्णयहरु कार्यान्वयन भएको देखियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा डुङ्गेश्वर गाउँपालिका अन्तर्गत सञ्चालित उत्कृष्ट विद्यालय, प्रधानाध्यापक, शिक्षक, बालविकास सहजकर्ता, कर्मचारी र विद्यार्थी सम्मान गर्ने कार्यलाई प्रभावकारी, विश्वसनीय र व्यवस्थित बनाउन बाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ तथा डुङ्गेश्वर गाउँपालिकाको शिक्षा ऐन, २०७४ (संशोधन सहित) को दफा ४९ को उपदफा (३) (य) बमोजिम डुङ्गेश्वर गाउँपालिकाको शैक्षिक सम्मान कार्यविधि, २०८३ सम्बन्धि विस्तृत छलफल गरी पारीत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा डुङ्गेश्वर गाउँपालिकाको कार्यालयमा प्राप्त विभिन्न पत्र तथा निवेदनहरु माथि तपसिल बमोजिमका कारबाही गर्ने निर्णय गरियो ।

(क) डुङ्गेश्वर गाउँपालिका वडा नं. ५ को श्री पीपल चौतारा माध्यमिक विद्यालयबाट अनिवार्य अवकास हुनु भएको कार्यालय सहयोगी श्री कमला पति जैसीले मिति २०८३ जेष्ठ ०६ गते पेश गर्नु भएको सेवा सुविधा सम्बन्धी निवेदन माथि छलफल गर्दा निज व्यक्तीलाई खाईपाइ आएको ३ महिना बराबरको सेवा सुविधा राजश्व बाँडफाडबाट निजलाई भुक्तानी दिने निर्णय गरियो ।

(ख) डुङ्गेश्वर गाउँपालिका गाउँसभाका संचालन गर्नको लागि तपसिल बमोजिमको सचिवालय समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री देबेन्द्र खड्का, योजना अधिकृत | -संयोजक |
| श्री मन बहादुर गौतम, बरिष्ठ शिक्षा अधिकृत | -सदस्य |
| श्री दिप प्रसाद ज्ञवाली, जिन्सी शाखा प्रमुख | -सदस्य |
| श्री विष्णु प्रसाद शर्मा, आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| श्री नन्दराज रेग्मी, सूचना प्रविधि अधिकृत | -सदस्य सचिव |

(ग) नागरिक आरोग्य केन्द्र बसेको भाडा मासिक १५०० का दरले आर्थिक वर्ष २०८२/०८३ को आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

(घ) यस गाउँपालिकामा कार्यरत पाले पदमा कार्यरत श्री महेन्द्र प्रसाद दाहाललाई कार्यालय सहयोगीमा पदस्थापन गर्ने निर्णय गरियो ।



CamScanner